# पाठ ५

# पवित्र आत्मामा भर पर्नु

मानिसहरू बसिरहेका घरमा शक्तिशाली हावा बगिरहेको आवाज सुनियो । त्यहाँ आगो देखियो, र त्यहाँ जम्मा भएका व्यक्तिहरूका शिरमा आगोका छुट्टाछुट्टै फिलिङ्गाहरू आएर बसे । तब प्रत्येकले आफूले कहिल्यै नसिकेको भाषामा परमेश्वरको प्रशंसा गर्न थाल्यो ।

येशूको स्वर्गारोहण भइसकेको थियो । अब १२० जना उहाँका अनुयायीहरू प्रार्थना गर्न र प्रभुमा पर्खनका निम्ति जम्मा भएका थिए । येशूका भाइहरू, प्रेरितहरू र येशूकी आमा मरियमसहित केही स्त्रीहरू तीमध्येका थिए । तिनीहरूले हावाको आवाज सुने, तिनीहरूले आगोका फिलिङ्गाहरू देखे, र तिनीहरूले आफैँलाई पवित्र आत्मामा समर्पण गरे । परमेश्वरका अचम्मका कुराहरूलाई अन्य भाषाहरूमा वर्णन गर्नका लागि पवित्र आत्माले तिनीहरूका जिब्रोहरूलाई प्रयोग गर्नुभयो । यो पेन्तिकोसको दिन थियो (प्रेरित २:१) ।

अचम्म र अलमल्लले भरिएको ठूलो भीड जम्मा भयो । कोही कोहीले येशूका अनुयायीहरूलाई गिज्याए । तब पत्रुस खडा भए र चर्को आवाजमा पेन्तिकोसको अर्थको बारेमा मानिसहरूलाई प्रचार गरे । तीन हजार व्यक्तिहरूले ख्रीष्टको सम्बन्धमा भएको सन्देशलाई ग्रहण गरे । पत्रुसले पवित्र आत्माको शक्तिमा प्रचार गरेपछि मण्डली वृद्धि हुन थाल्यो ।

पेन्तिकोस्टल घटनाले तपाईंको निम्ति यो सन्देश दिएको छ : तपाईंले पनि पवित्र आत्मालाई पाउनु भई उहाँमा भर पर्न सक्नुहुनेछ !



## पाठको रूपरेखा

प्रभावकारी रूपमा प्रार्थना गर्न पवित्र आत्माले तपाईंलाई सहायता गर्नुहुनेछ

आत्मा जित्नमा पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुहुनेछ

सुसमाचार प्रचार गर्नमा पवित्र आत्माले तपाईंलाई शक्ति प्रदान गर्नुहुनेछ

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- प्रार्थनामा अझै ठूलो प्रभावकारिता प्राप्त गर्न सक्नुहुनेछ ।
- आफ्नो आवश्यकतालाई स्वीकार गरी आत्मा जित्नमा अगुवाइ गर्न पवित्र आत्माको शक्तिलाई प्राप्त गर्न सक्नुपर्नेछ ।
- सुसमाचार प्रचार कार्यमा सहयोग पुऱ्याउनका लागि पवित्र आत्माले दिनुहुने विशेष वरदानहरूलाई पहिचान गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा पाठलाई पढ्नुहोस् र पाठ विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस् ।

२. पाठको अन्त्यमा दिइएको स्वयम्-जाँच लिनुहोस् र ध्यानपूर्वक आफ्ना उत्तरहरूलाई जाँच्नुहोस् ।

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| छुट्याउनु | डुबुकी | मुट्ठा |
| नैराश्यता | मध्यस्थता | जाग्राम |

---

## पाठ विकास

पवित्र आत्मालाई "महान् प्रचारक" भन्न सकिन्छ । येशूको स्वर्गारोहणपछि पवित्र आत्मालाई "अर्को सल्लाहकार" का रूपमा पठाइएको थियो, र उहाँले नै परमेश्वरको बारेको सत्यता प्रकट गर्नुभयो (यूहन्ना १४:१६-१७) । उहाँले परमेश्वरको वचनको प्रचार र शिक्षणलाई अभिषेक गरी मानिसहरूका हृदय खोलेर तिनीहरूका लागि ख्रीष्टलाई वास्तविक बनाउनुहुन्छ । विश्वासीहरूका जीवनमा उहाँले काम गर्नुहुन्छ र ख्रीष्टियान परिपक्वतामा बढ्न र प्रभुलाई महिमा दिनका लागि उहाँले तिनीहरूलाई मद्दत गर्नुहुन्छ ।

उहाँको काम गर्नको लागि उहाँलाई हामी प्रत्येकको आवश्यकता छ ! जब हामी आफैँलाई उहाँकहाँ अर्पण गर्दछौँ, सुसमाचार प्रचार गर्ने यस ठूलो काम पूरा गर्नका लागि उहाँले हामीद्वारा काम गर्नुहुन्छ । हाम्रा विश्वासयोग्य सल्लाहकार हुनका लागि हामीले पवित्र आत्मामा भरोसा राख्न सक्छौँ । उहाँले हामीलाई प्रभावकारी रूपमा प्रार्थना गर्न सहायता गर्नुहुन्छ र आत्मा जित्ने अभियानमा हामीलाई अगुवाइ गर्नुहुन्छ ।

## प्रभावकारी रूपमा प्रार्थना गर्न पवित्र आत्माले तपाईंलाई सहायता गर्नुहुन्छ

### आत्मामा प्रार्थना गर्नुहोस्

**उद्देश्य १**. *प्रभावकारी प्रार्थनामा पवित्र आत्माको सेवाको आवश्यकतालाई पहिचान गर्नुहोस् ।*

दक्षिण अफ्रिकामा एक वृद्ध मिशनेरी एक साँझ आफ्ना नातिनातिनीहरूसँग बसेर एक सुन्दर टेलिभिजन कार्यक्रम हेरिरहेका थिए । ७० माइल टाढाको प्रेटोरिया सहरमा, उनका छोरा जेफको जटिल शल्यक्रिया भएपछि तिनी अस्पतालको ओछ्यानमा सुतिरहेका थिए । तिनी सघन कक्षबाट बाहिर थिए र उनको राम्रो सुधार भइरहेको खबर प्राप्त भयो ।

एक्कासी, ती मिशनेरीले भने, “हामीले टेलिभिजन बन्द गरेर जेफका निम्ति प्रार्थना गर्नैपर्छ जस्तो मलाई लाग्छ ।” तिनीहरू सबैजनाले एकसाथ प्रार्थना गरिसकेपछि, उनी आफ्नो सुत्ने कोठामा गएर पवित्र आत्माले उनलाई दिनुभएको अर्को भाषामा उनले प्रार्थना गर्न थाले । आफ्नो छोराप्रतिको बोझ नहटुञ्जेल उनले अन्य भाषामा प्रार्थना गरिरहे ।

जेफलाई निष्लोट जरो आएर बर्बराउन लागेको बारेमा उनका बाबुलाई थाहा थिएन । जेफलाई हतार हतार गरी सघन कक्षमा फर्काएर लगियो, तिनी बर्बराउने र छट्पटाउने गरेका कारण तिनका हातहरूलाई बाँधिएको थियो र जीवन बचाउने यन्त्र प्रयोग गर्नुपरेको थियो । तिनको अवस्था खतरापूर्ण रहेको थियो ।

घण्टौँसम्मको निरन्तर जाग्रामपछि, तिनले यसो भनेका एउटी नर्सले सुनिन्, “मेरा हातहरूलाई किन बाँधिएको हो ? कृपया ती हातहरूलाई फुकाइदिन सक्नुहुन्छ ?” नर्स दौडँदै डाक्टरकहाँ गएर भनिन् । तर जेफ ठीक भइसकेका थिए । केही दिनपछि तिनकी पत्नीले तिनलाई घरमा ल्याइन् ।

तिनले परिवारलाई भने, “तपाईंहरूलाई थाहा छ, एउटा अनौठो कुरा भयो । मैले मेरो मन नै गुमाएजस्तो लाग्यो र म ठूलो पीडामा थिएँ । तब बुबाले अन्य भाषामा प्रार्थना गरिरहनुभएको मैले सुनेँ । मैले सुन्दै गर्दा, सबै थोक सफा हुन सुरू भयो । म अझै ओछ्यानमा नै छु भनी मैले महसुस गरेँ, तर मेरा हातहरू

बाँधिएका थिए, यसैले मेरा हातहरूलाई फुकाइदिनका लागि मैले नर्सलाई विन्ती गरेँ । ती नर्स र डाक्टरले जब मलाई देखे, म यति छिटो निको भएकोमा तिनीहरू अचम्ममा परे ! मैले प्रभुबाटको चङ्गाइको आश्चर्यकर्मलाई अनुभव गरेँ ।"

यदि मिसनेरीले पवित्र आत्माको प्रेरणालाई ध्यान नदिएर उनी अरू नै कुराहरूमा व्यस्त भएका भए के हुन्थ्यो होला ?

**१** रोमी ८:२६-२७ लाई पढेपछि, प्रत्येक वाक्यांशलाई पूरा गर्ने ठीक वाक्यको वरिपरि घेरा लगाउनुहोस् । प्रभावकारी रूपमा प्रार्थना गर्नका लागि, हामीलाई पवित्र आत्माको सहयोग चाहिन्छ किनकि

क हामी आफैँमा कमजोर छौँ ।

ख हामीले जसरी प्रार्थना गर्नुपर्ने हो, त्यसरी सधैँ प्रार्थना गर्न हामीले जानेका छैनौँ ।

ग पवित्र आत्माले परमेश्वरको इच्छा अनुसार काम गर्नुहुन्छ ।

घ पवित्र आत्माले परमेश्वरका मानिसहरूका पक्षमा विन्ती गरिदिनुहुन्छ ।

**उद्देश्य २**. *विभिन्न किसिमका प्रार्थनाका उदाहरणहरूलाई पहिचान गर्नुहोस् ।*

प्रेरित पावलले, आत्माका वरदानहरूका सम्बन्धमा भएका उनका शिक्षामा दुई किसिमका प्रार्थनाहरूका बारेमा लेखेका छन् । कहिलेकाहीँ "आफ्नो आत्माले प्रार्थना गर्ने" कुरा उनले भनेका छन् । अरू बेलामा "आफ्नो दिमागले प्रार्थना गर्ने" कुरा पनि उनले बताएका छन् (१ कोरिन्थी १४:१५) ।

तपाईंले पवित्र आत्मामा बप्तिस्मा पाउनुभएपछि तपाईंले आफ्नो "प्रार्थना भाषा" मा प्रार्थना गर्न सक्नुहुन्छ । पवित्र आत्मामा प्रार्थना गर्नु भनेको तपाईंले आफ्नो आत्मा उहाँमा समर्पण गर्नुहुन्छ र उहाँ तपाईंद्वारा अर्को भाषामा बोल्नुहुन्छ । यो यसको एउटा सञ्चालनमा अन्य भाषाहरूको वरदान हो- परमेश्वरसँग बोल्नु (१ कोरिन्थी १४:२) । यसरी पवित्र आत्माले हाम्रो दिमागलाई उछिन्न सक्नुहुन्छ र समर्पित जिब्रोलाई परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्नका लागि प्रयोग गर्नुहुन्छ । त्यसरी शङ्काका विचारहरूलाई लिएर दिमागले परमेश्वरको इच्छालाई बाधा पुऱ्याउन सक्दैन ।

हामीले हाम्रो समझका साथ पनि प्रार्थना गर्न सक्छौं र हामीले प्रार्थना गर्दा परमेश्वरले हामीलाई समझ दिन सक्नुहुन्छ । जब हामीलाई कुनै आवश्यकताको बारेमा थाहा हुन्छ वा कुनै जरूरी कुराको महसुस हुन्छ, हामी परमेश्वरसँग पुकारा गर्न सक्छौं र उहाँले हामीलाई सुन्नुहुन्छ भनी हामी जान्दछौं । प्रायःजसो हामीले अरूहरूलाई प्रार्थनामा अगुवाइ गर्दा पवित्र आत्माले हामीलाई अभिषेक गर्नुहुनेछ र यसरी हामीले निश्चयता र अधिकारका साथ प्रार्थना गर्न सक्छौं जुनचाहिँ हामी आफैँबाटको होइन ।



## प्रार्थना र उपवास

कहिलेकाहीँ पूरा वा आंशिक रूपमा खानेकुराबाट वञ्चित भएर उपवास बस्नु आवश्यक हुन सक्छ । उपवास बस्दैमा यसले एक व्यक्तिलाई अझै पवित्र बनाउँदैन, तर यसले शरीरलाई अधीनमा ल्याउनका लागि र परमेश्वरको राज्य शरीरका आवश्यकताहरूभन्दा धेरै महत्वपूर्ण छ भनी स्मरण गराउन एक व्यक्तिलाई मद्दत पुऱ्याउँछ । यसले एक व्यक्तिलाई प्रभुको नजिक आउन र उहाँको वचनमा विश्वासको वृद्धि गर्नका लागि मद्दत गर्दछ । परमेश्वरले सम्मान गर्नका लागि छान्नुभएको प्रार्थनाको यस तरिकालाई हामीले पूर्ण रूपमा बुझ्न सक्दैनौं । तर यसलाई ठीक प्रवृत्तिमा गरियो भने उपवास र प्रार्थनाले नतिजाहरू ल्याउँछ ।

"हामीले किन भूत निकाल्न सकेनौं ?" भनी निराश भएका चेलाहरूले एक दिन गोप्यमा येशूसँग सोधे । छारेरोग लागेको केटालाई छुटकारा दिने तिनीहरूको

प्रयास विफल भएको थियो । चेलाहरूले केही पनि गर्न नसकेपछि, त्यस भूतलाई त्यस केटाबाट निस्केर जाने आज्ञा गर्नुभयो, र त्यो केटो निको भयो ।

चेलाहरूको प्रश्नको उत्तरमा, तिनीहरूको सानो विश्वासको कारण यसो भएको हो भनी येशूले तिनीहरूलाई बताउनुभयो । प्रार्थना र उपवासले मात्र भूतलाई धपाउन सकिन्छ भनी उहाँले थप्नुभयो (मत्ती १७:२०-२१) ।

आत्माहरूको निम्ति मध्यस्थताको प्रार्थना तपाईंले सिक्नैपर्ने र अनुभव गर्नैपर्ने गहिरो किसिमको प्रार्थना त्यहाँ छ, जसलाई हामी मध्यस्थताको प्रार्थना भन्छौं । यो अरूहरूको मुक्ति र छुटकाराको निम्ति भएको अभिषिक्त प्रार्थना हो । पवित्र आत्मामा पूर्ण समर्पित व्यक्तिद्वारा उहाँले पूरा गर्नुहुने सेवा यो हो । एक व्यक्तिले दिन वा रातको कुनै पनि समयमा प्रार्थना गर्ने ठूलो बोझको अनुभूति गर्न सक्छ । यो केको निम्ति हो भन्ने कुरा उसले जान्न वा नजान्न सक्छ, तर उसले आफूले गरिराखेको कामहरूलाई बन्द गर्छ र "शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा" उसले परमेश्वरसँग पुकारा गर्छ (रोमी ८:२६) । एउटी आमाले आफ्नी शिशुलाई जन्माउनुभन्दा पहिले उनमा हुने प्रसव वेदनासँग यसलाई तुलना गरिएको छ । एक विश्वासीले बोझ हटेको अनुभूति आफूले नगरून्जेल निरन्तर रूपमा प्रार्थना गरिरहन्छ । यस विशेष किसिमको मध्यस्थताको प्रार्थनाले परमेश्वरको राज्यमा केही ठूला आश्चर्यकर्महरूका नतिजा ल्याएको छ ! यस किसिमको सेवा दिनका लागि तपाईंले प्रभुसँग विन्ती गर्न सक्नुहुन्छ । यो सजिलो छैन । यसले गह्रौं जिम्मेवारी बोकेको हुन्छ । तर यसले आत्मिक जन्महरू दिन्छ ।

एकलै प्रार्थना गर्नु असल हो । अरूहरूसँग प्रार्थना गर्नु पनि आवश्यक हुन्छ । आत्माहरूको मुक्तिको निम्ति पवित्र आत्माले भरिएका मित्रहरूसँग प्रार्थनामा सहभागी हुनुहोस् । समूहगत प्रार्थनाले नतिजाहरू ल्याउँछ । मानिसहरूको समूहले एकसाथ खुरन्धार प्रार्थनाको निम्ति आफैंलाई दिँदा पवित्र आत्माद्वारा ठूला-ठूला कुराहरू पूरा भएका छन् । सङ्ख्यामा ठूलो सामर्थ्य र विजय हुन्छ । "तिमीहरूका पाँच जनाले सय जनालाई र सय जनाले दश हजार जनालाई खेद्नेछन्" (लेवी २६:८) । म यसलाई यसरी लिन्छु ।

| परमेश्वरका मानिसहरू | सम्भाव्य नयाँ विश्वासीहरू |
| --- | --- |
| प्रार्थना गर्ने ५ विश्वासीहरू | १०० नयाँ विश्वासीहरू |
| प्रार्थना गर्ने १०० विश्वासीहरू | १०,००० नयाँ विश्वासीहरू |
| २० पल्ट बढी मानिसहरूले प्रार्थना गर्दा– | १०० पल्ट ठूला नतिजाहरू ! |

**२** बायाँपट्टि दिइएको विवरणसँग दायाँपट्टि दिइएको प्रार्थनाको किसिमलाई वर्णन गर्ने शब्द वा शब्दसमूहको सङ्ख्या लेख्नुहोस् ।

| | |
| --- | --- |
| .... क अन्य भाषाहरूमा | १) मध्यस्थताको प्रार्थना |
| .... ख अरूहरूसँग एकसाथ | २) समूहगत |
| .... ग खानेकुरा नखानु | ३) आत्मामा |
| .... घ आवश्यक परेको कुराको ज्ञानसँग | ४) उपवाससाथ |
| .... ङ आत्मिक छुटकाराको निम्ति प्रसव वेदना | ५) समझसाथ |

३ गलाती ४:१९ मा पावलले कस्तो किसिमको प्रार्थनालाई सम्बोधन गरिरहेका थिए ?

........................................................................................

४ नहेम्याहले आफ्नो राष्ट्रको निम्ति प्रार्थना गर्दा, उनले के पनि गरेका थिए ? (नहेम्याह १:४-६ हेर्नुहोस् ।)

........................................................................................

५ खीष्टका लागि तपाईंले जित्ने आशा गर्नुभएका व्यक्तिहरूलाई के तपाईंले उत्सुकतासाथ प्रार्थना गरिरहनुभएको छ ? यदि छैन भने अहिले नै तिनीहरूका निमित प्रार्थना गर्न सुरू गर्नुहोस् ।

........................................................................................

## आत्मा जित्नमा पवित्र आत्माले तपाईंलाई अगुवाइ गर्नुहुनेछ

तपाईं प्रार्थनामा परमेश्वरकहाँ पुग्नुहुँदा, आत्माहरू जित्नका लागि पवित्र आत्माले तपाईंलाई मद्दत गर्नुहुनेछ ।



**उद्देश्य ३**. *आत्मा जित्नमा पवित्र आत्माले कसरी अगुवाइ गर्नुहुन्छ, उल्लेख गर्नुहोस् ।*

## उहाँले हामीलाई उदाहरण दिनुहुन्छ

प्रेरित ८:२६-३९ मा भनिएको म यहाँ यसरी चित्रण गर्छु ।

मरूभूमि गाउँमा गाजाको दक्षिणतर्फ एउटा रथ वेगले अघि बढिरहेको थियो । राजकीय पोशाक पहिरेका एक व्यक्ति आफ्नो रथमा बसी ध्यानपूर्वक धर्मशास्त्रको एउटा मुट्ठोबाट पढिरहेका थिए ।

एक्कासी फिलिप नाम गरेका एक जना व्यक्ति देखा परे । उनीरथ सँगसँगै दौडे र यात्रुले पढिरहेका कुरा उनले सुनिरहेका थिए । “तपाईंले पढिरहनुभएको कुरा बुझ्नुहुन्छ ?” भनी फिलिपले उनीसँग प्रश्न गरे ।

“कसैले नबताइकन म कसरी बुझ्न सक्छु र ?” भनी यात्रुले जवाफ दिए । यी व्यक्ति इथियोपिया देशकी महारानीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए । हामीलाई उनको नाम थाहा नभए तापनि, उनी आत्मिक वास्तविकताको निम्ति भोका थिए भन्ने कुराचाहिँ हामीलाई थाहा छ । यरूशलेममा परमेश्वरलाई आराधना गर्नका लागि उनी टाढा रहेको आफ्नो स्वदेशबाट आएका थिए । एकमात्र साँचो परमेश्वरको आराधनाको लागि यरूशलेमको ठूलो मन्दिर अर्पण गरिएको कुरा उनले सुनेका थिए । उनले पुरानो करारको, ७०० वर्ष पहिले लेखिएको यशैया अगमवक्ताको पुस्तकलाई किनेका थिए । अब उनले त्यस धर्मशास्त्रलाई चर्को स्वरमा पढिरहेका थिए ।

यरूशलेम मण्डलीमा सात सहयोगीहरूमध्ये एक जना फिलिप, सामरियाका एक मुख्य शहरमा गएका थिए । त्यहाँ उनले मानिसहरूलाई मसीह येशू ख्रीष्टको बारेमा प्रचार गरेका थिए । धेरै सामरीहरूले नयाँ जन्म पाए र अरूहरू परमेश्वरका शक्तिद्वारा निको भए । दुष्ट आत्माहरू निकालिए । त्यहाँ शहरमा ठूलो आनन्द भएको थियो (प्रेरित ८:५-८) ।

यद्यपि, पवित्र आत्मालाई एक जना एकलो व्यक्तिको आवश्यकता थाहा थियो । प्रभुद्वारा पठाइएका स्वर्गदूतले फिलिपलाई भेटे र भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ ।" ठीक ठाउँमा जानका लागि यो मार्गदर्शन थियो । फिलिपले आज्ञापालन गरे । उनी त्यस क्षेत्रमा पुगेपछि टाढाबाट आइरहेको रथ देखे । उनी त्यहाँ ठीक समयमा पुगेका थिए ।

तब, पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग !"

जब इथियोपियालीले फिलिपलाई रथमा चढी तिनको साथमा बस्ने अनुरोध गरे, यो सबै प्रबन्ध प्रभुद्वारा नै भएको हो भनी फिलिपलाई थाहा थियो । अनि यी पदाधिकारीले फिलिपलाई प्रश्न गर्दै गए, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा ?" पवित्र आत्माले नै सबै थोकहरूलाई अगुवाइ गरिरहनुभएको थियो भन्ने कुरामा फिलिपलाई कुनै शङ्का थिएन । यसरी कष्ट भोग्नुहुने मुक्तिदाता र मसीह येशूलाई यात्रीकहाँ परिचित गर्न उनका निम्ति सजिलो भएको थियो ।



यशैयाका शब्दहरूबाट सुरू गरी फिलिपले सम्पूर्ण कथा व्याख्या गरिदिए । आत्मा जित्ने प्रत्येक व्यक्तिले गर्नैपर्ने कुरा उनले गरे- उनले येशूको बारेको सुसमाचार सुनाए । ती व्यक्तिले बडो ध्यानसँग सुने । उनको हृदय तयारी भएको थियो र उनले तुरून्तै सन्देशलाई ग्रहण गरे ।

अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे । ती पदाधिकारीले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ ?"

तब फिलिपले भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ ।

ती पदाधिकारीले जवाफ दिए, "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु ।"

रथ अडियो । यहूदी विश्वासबाट आएका फिलिप र काला इथियोपियाली दुवै पानीमा ओर्ले । यो डुबुकी बप्तिस्मा थियो- भित्रिय परिवर्तनको बाहिरीय चिन्ह । बाइबलले हामीलाई बताउँछ कि प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो र ती पदाधिकारीले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटोमा लागे ।

फिलिप ठीक ठाउँ र ठीक समयमा मात्र भएका होइनन्, तर पवित्र आत्माले उनलाई ठीक शब्दहरू पनि दिनुभयो । उनले ती पदाधिकारीलाई उनले जानेका कुराहरू (यशैयाका अगमवाणीहरू) बाट उनले नजानेका कुराहरूमा डोऱ्याएका थिए ।

**६** यी पदाधिकारीलाई के कुरा थाहा थिएन ?

..........................................................................................

..........................................................................................

## उहाँले मौकाहरू जुटाउनुहुन्छ

आफ्नो दिनभरिको व्यस्त कामपछि, अस्ट्रेलियामा एक व्यक्ति आफ्नो घरमा फर्किरहेका थिए । कुनै घरमा रोकिनू भनी पवित्र आत्माले उनलाई अह्राउनुभयो । यहाँ उनी थकित र भोकाएका थिए । अहिले उनले किन रोकिनै पर्ने ?

तर उनले पवित्र आत्माको अगुवाइको आज्ञापालन गरे र उनले ढोकामा ढक्ढकाए । त्यहाँ तुरून्तै जवाफ आएन । उनले फेरि ढक्ढकाए । अन्त्यमा, एक जना मानिसले ढोका खोले । ती ख्रीष्टियानले उनलाई भने, “के म तपाईंलाई कुनै प्रकारले मद्दत गर्न सक्छु ? तपाईंको घरमा आउनका लागि पवित्र आत्माले मलाई अह्राउनुभएको हो ।”

छुटकाराको सास फेर्दै ती मानिसले भने, “अहो, तपाईं ठीक समयमा आइपुग्नुभएछ ! हामी हाम्रो जीवनको अन्तिम क्षणमा आइपुगेका थियौं ।” उनले आफ्नो हातमा छुरा समातेका थिए । उनी र उनकी पत्नी जीवनमा कति धेरै निराश र आशाहीन भएका थिए सो उनले बताए । यस डरलाग्दो नैराश्यताको कारण उनले आफ्नी पत्नीको र त्यसपछि उनको आफ्नै जीवन सिध्याउने निधो गरेका थिए ।

यी ख्रीष्टियानले यो मौकालाई उपयोग गरी तिनीहरूलाई मुक्तिको मार्गको व्याख्या गरिदिए । उनले यी वृद्ध दम्पत्तिसँग प्रार्थना गरे र तिनीहरूलाई प्रभुमा जिते । डरलाग्दो आत्महत्याको सट्टा, तिनीहरूले ख्रीष्टमा राखिएको विश्वासद्वारा जीवित आशा प्राप्त गरे । पवित्र आत्मालाई तिनीहरूका आवश्यकता थाहा भएको हुनाले तिनीहरूलाई मुक्तिदाताकहाँ डोऱ्याउनका लागि उहाँले प्रभुको आज्ञाकारी दासको निम्ति मौका जुटाइदिनुभयो ।

**७** पवित्र आत्माद्वारा अगुवाइ पाउँदा तपाईंले भरोसा गर्न सक्ने तीन “ठीक” कुराहरूको सूची बनाउनुहोस् ।

..........................................................................................

**८** साक्षी दिने उदाहरणहरू हामीलाई दिनुका साथसाथै, प्रभुले हामीलाई उहाँको निम्ति साक्षी हुन दुवै ............................................................. र ....................................................... दिनुहुनेछ ।

**९** पवित्र आत्माले हरेक पल्ट उही किसिमले हामीलाई अगुवाइ गर्नुहुन्न । हरेक पल्ट उहाँले हामीलाई उही शब्दहरू पनि दिनुहुन्न । यसको कारण केजस्तो तपाईंलाई लाग्छ, तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् ।

**१०** *औँलाटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **साक्षी हुनका लागि शक्ति** *बाइबल खण्ड :* **प्रेरित १:८**

*बाइबल पद :* **तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।**

## सुसमाचार प्रचार गर्नमा पवित्र आत्माले तपाईंलाई शक्ति प्रदान गर्नुहुनेछ

**उद्देश्य ४**. *सुसमाचार प्रचार काममा पवित्र आत्माले विश्वासीहरूलाई शक्ति प्रदान गर्नुहुने र मद्दत गर्नुहुने तरिकाहरूका नाम उल्लेख गर्नुहोस् ।*

तपाईंले आफ्नो जीवन र काममा उहाँको शक्तिलाई पूर्ण रूपले अनुभव गर्न सक्नुभन्दा पहिले तपाईं पवित्र आत्माले भरिनैपर्छ । उहाँलाई पछ्याउनेहरू उहाँका साक्षीहरू हुनेछन् भनी येशूले भन्नुहुँदा उहाँले यही अर्थ लगाउनुभएको थियो । उहाँले यसो भन्दै तिनीहरूलाई उत्साह दिनुभयो, “हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु” (लूका २४:४९) ।

प्रभावकारी सुसमाचार प्रचारको निम्ति, तपाईंले महसुस गर्नुहुने ठूलो शक्ति पवित्र आत्माको व्यक्तित्व हुनुहुन्छ । उहाँ शक्तिका आत्मा हुनुहुन्छ, र उहाँको शक्तिको उद्देश्य हामीलाई जीवित ख्रीष्टको साक्षी बनाउनु हो । हाम्रा प्रभु स्वर्गारोहण हुनुभन्दा पहिले उहाँले दिनुभएका अन्तिम वचनहरू यी थिए, “तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ” (प्रेरित १:८) । उहाँले तिनीहरूलाई पवित्र आत्माको निम्ति यरूशलेममा पर्खने आज्ञा दिनुभयो ।

येशूलाई पछ्याउनेहरूले उहाँको आज्ञा पालन गरे । तिनीहरूले प्रार्थना र आराधनामा पर्खेर बसे । तब पवित्र आत्मा आउनुभयो । माथिबाटको शक्ति तिनीहरूमाथि ओर्लियो । तिनीहरू पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएका भाषाहरू बोलेर परमेश्वरका अचम्मका कार्यहरूलाई खुसीसाथ व्यक्त गरे (प्रेरित २) ।

## उहाँले साहस र प्रेम दिनुहुन्छ

प्रेरितको पुस्तकमा पवित्र आत्माले भरिएका व्यक्तिहरूको समूहको बारेमा हरेकपल्ट तपाईंले पढ्नुहुँदा, तपाईंले सुसमाचार प्रचार भएको बारे पनि पढ्नुहुन्छ । विश्वासीहरूले सुसमाचार प्रचार गरे र मानिसहरू विश्वासमा आए ।

पवित्र आत्माले साहस दिनुहुन्छ । मन्दिरको सुन्दर नामक ढोकामा बस्ने एउटा कुँजो मानिस अचम्म प्रकारले निको भयो । त्यहाँ जम्मा भएका मानिसहरूलाई पत्रुस र यूहन्नाले सुसमाचार प्रचार गर्दा, मन्दिरका सुरक्षाकर्मीहरूले तिनीहरूलाई पक्रे । पछि, पत्रुसले पवित्र आत्माको भरपूरिमा यहूदी अगुवाहरूका सामु आफ्नो पक्षमा बोल्दा, प्रेरितहरूका साहस देखेर तिनीहरू छक्क परेका थिए (प्रेरित ४:१३) । तपाईंले पनि पवित्र आत्माबाट साहस पाउन सक्नुहुन्छ ।

पवित्र आत्माले प्रेम पनि प्रदान गर्नुहुन्छ । उहाँद्वारा प्रेमको आत्मा, प्रेमको फल आउँछ (रोमी १५:३०; गलाती ५:२२) । उहाँद्वारा परमेश्वरले हाम्रा हृदयहरूमा उहाँको प्रेम खन्याउनुहुन्छ (रोमी ५:५) ।

हाम्रा आफ्नै परिवारका सदस्यहरूका बारेमा हामी जति सरोकार राख्छौं, त्यस्तै सरोकार अरूहरूका बारेमा राख्ने कुरा हाम्रो मानव हृदयमा छैन । आफ्नी दुईवटी सानी छोरीहरू हराए भनी विचार गर्ने आमाको कथालाई याद गर्नुहोस् (पाठ १ हेर्नुहोस्) । हराएका आत्माहरूका बारेमाभन्दा आफ्ना छोराछोरीहरूका सुरक्षाका बारेमा आफूले बढी सरोकार राखेको तिनले महसुस गरिन्, यसैले जुन आत्माहरूका निम्ति ख्रीष्ट मर्नुभयो, तिनीहरूका निम्ति उनको हृदय अझै प्रेमले भरिएको होस् भनी उनले प्रभुसँग प्रार्थना गरिन् । मण्डलीको वेदीमा घुँडा टेकिरहेका दुई जना जवान व्यक्तिहरूका निम्ति प्रार्थना गर्दा उनले यो सम्झेकी थिइन् । तिनले घुँडा टेकेर तिनीहरूमाथि आफ्ना हातहरू राख्दा, तिनका आफ्नै छोरीहरूकहाँ जस्तै तिनको सम्पूर्ण हृदय तिनीहरूमाथि गएको होस् भनी, तिनले मौनतामा प्रभुसँग प्रार्थना गरिन् । ती जवान व्यक्तिहरू रून थाले । पछि तिनीहरूले साक्षी दिए कि तिनीहरूभित्र केही न्यानो कुरा हिँडिरहेको तिनीहरूरले अनुभूति गरे जसले तिनीहरूलाई प्रभुको नजिक तानेको थियो । यो आमाको प्रेमभन्दा पनि ठूलो थियो- यो परमेश्वरको प्रेम थियो ।

## उहाँले पापको कायल बनाउनुहुन्छ

सुसमाचार बाँड्ने यस महान् काममा पवित्र आत्मा हाम्रो अगाडि जानुहुन्छ। उहाँले सम्भाव्य नयाँ विश्वासीको हृदयमा काम गर्न थाल्नुहुन्छ, र त्यस व्यक्तिले आफ्ना पापहरूबाट पश्चात्ताप गरी प्रभुमा आफूलाई अर्पण नगरून्जेल उसलाई असजिलो र बेचैनी पार्नुहुन्छ।

टापु-देश जमइकाका एक जना प्रहरीले यो साक्षी दिएका थिए : "राज्यका नियमहरूलाई भङ्ग गर्ने व्यक्तिहरूलाई म पक्राउ गर्छु। एक दिन पवित्र आत्मा मकहाँ आउनुभयो, मलाई काँधमा धाप मार्नुभयो र भन्नुभयो, "महाशय, तिमी पक्राउ परेका छौ !"

"केको निम्ति ? मैले के गरेँ र ?" भनी मैले प्रश्न गरेँ।

"तिमीले परमेश्वरको पवित्र व्यवस्था पालन गरेका छैनौ। तिमी विद्रोही भएका छौ। प्रभुसँग तिम्रो हृदय ठीक छैन" भनी उहाँले मलाई भन्नुभयो। अनि यसो भन्दै गर्दा उहाँले मलाई पक्रनुभयो। म डराएँ। तब मैले महसुस गरेँ कि ख्रीष्टले मेरा पापहरूका दण्ड तिरिसक्नुभयो र अब म मेरा प्रभुको सेवा गर्ने ख्रीष्टियान प्रहरी हुँ।"

पवित्र आत्माले पापको कायल बनाउनुहुन्छ। मानिसहरूका जीवनमा के गलत छ भनी उहाँले तिनीहरूलाई देखाउनुहुन्छ। मुक्तिका एकमात्र बाटो येशूलाई इन्कार गरेको बारेमा उहाँले तिनीहरूलाई बेचैन पार्नुहुन्छ (यूहन्ना १६:८-९)।

## सुसमाचार प्रचारमा सहयोग गर्न उहाँले वरदानहरू दिनुहुन्छ

जीवन परिवर्तन नभएकाहरूलाई सुसमाचार सुनाउनको निम्ति र स्थानीय मण्डलीहरूलाई सुसज्जित गर्नका लागि पवित्र आत्माले सुन्दर वरदानहरू दिनुहुन्छ।

अरूहरूसँग सुसमाचार बाँड्नका लागि अत्यन्तै आवश्यक वरदानहरूचाहिँ ज्ञानको वचन र बुद्धिको वचनका वरदानहरू, आत्माहरू छुट्याउने वरदान र विश्वासका वरदान हुन्। १ कोरिन्थी १२:१-११ मा तपाईं यिनीहरूका बारेमा पढ्न सक्नुहुन्छ।

ज्ञानको वचन अलिकति ईश्वरीय ज्ञान हो, कुनै व्यक्ति वा केही थोकको बारेमा पवित्र आत्माले तपाईंलाई सूचना दिनुहुन्छ नत्रभने यस विषयमा तपाईंलाई

ज्ञानकारी हुने थिएन । यसरी नै, बुद्धिको वचन ठीक कुरालाई ठीक किसिममा भन्ने वा गर्ने ईश्वरीय बुद्धि हो । यो स्वाभाविक बुद्धिभन्दा धेरै नै उच्च हुन्छ किनकि यसलाई पवित्र आत्माद्वारा दिइएको हो ।

आत्माहरू छुट्याउने वरदानहरू अदृश्य संसारका आत्माहरू- परमेश्वरको आत्मा, मानिसको आत्मा र दुष्ट आत्माहरू- पहिचान गर्नका लागि हामीलाई मद्दत पुऱ्याउन पवित्र आत्माद्वारा दिइएका विशेष क्षमताहरू हुन् । यो तपाईंको सुरक्षा वा अरू कसैको छुटकाराको निम्ति आवश्यक पर्दछ । विश्वासको वरदान खास आवश्यकता वा आवश्यकतालाई पूरा गर्नका लागि परमेश्वरमा राखिने अलौकिक विश्वास हो ।

प्रेरित ९:१-१८ मा शाऊल र हननियाको कथाले सुसमाचार प्रचारमा सहयोग पुऱ्याउनका निम्ति पवित्र आत्माले कसरी वरदानहरू दिनुहुन्छ भन्ने कुराको चित्रण गर्छ । शाऊल (पछि पावल भनी चिनिएका) प्रभुले उनलाई "नपक्रुञ्जेल" मण्डलीका डरलाग्दा सतावटकारी थिए । उनले अचम्मको जीवन परिवर्तनको अनुभव गर्दा, एक विश्वासी हननियाले एकलै प्रार्थना गरिरहेका थिए ।



प्रभुले दर्शनमा हननियालाई शाऊलको बारेका तथ्यहरू प्रकट गरिदिनुभयो । ज्ञानको वचनद्वारा हननियाले यी कुराहरू थाहा पाए :

१. शाऊल कहाँ बसेका थिए र उनी बसेको गल्लीको नाम (११ पद) ।

२. उनले प्रार्थना गरिरहेका थिए (११ पद)।
३. उनी आफैँले हननियाको दर्शन देखेका थिए (१२ पद)।
४. उहाँको सेवा गर्न र उहाँको खातिर कष्ट भोग्न शाऊल परमेश्वरद्वारा छानिएका थिए (१५-१६ पदहरू)।

यदि परमेश्वरले यी विवरणहरू हननियालाई प्रकट नगरिदिनुभएको भए सम्भवतः उनले तिनीहरूका बारेमा जान्ने थिएनन्। प्रभुले हननियालाई ज्ञानमात्र होइन, तर निर्देशन पनि दिनुभयो। प्रभुले दिनुभएको आज्ञा पालन गरी उनी शाऊललाई भेट्न गए, उनका निम्ति प्रार्थना गरे र उनलाई उत्साह दिए। शाऊलले आफ्नो अन्धोपनबाट फेरि दृष्टि पाए र उनी पवित्र आत्माले भरिए।

पछि पावलले आफ्नो बारेमा यसो भनेका थिए, "पापीहरूमा म सबैभन्दा मुख्य हुँ" (१ तिमोथी १:१५)। तर पवित्र आत्माको शक्तिले उनलाई एक महान् प्रचारक, मण्डली-स्थापक र शिक्षकमा परिवर्तन गरेको थियो।

**११** शाऊललाई मद्दत गर्नका लागि पवित्र आत्माले हननियालाई कुन कुन प्रकारले सहायता गर्नुभयो ?

......................................................................................................

......................................................................................................

**१२** हननियाले शाऊलको जीवन परिवर्तनमा विश्वास गरे र प्रेमसाथ उनलाई स्वीकार गरे भनी शाऊललाई जानकारी गराउन हननियाले कुन दुई शब्दहरू प्रयोग गरेका थिए ?

......................................................................................................

**१३** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क पवित्र आत्माले हामीलाई दुवै प्रेम र साहस दिनुहुन्छ।

ख मानिसहरूलाई तिनीहरूका पापहरूको कायल बनाउनका लागि हामीलाई पनि शक्ति दिइएको छ।

ग आत्माहरू छुट्याउने वरदान हाम्रो सुरक्षा र अरू कसैलाई सहयोग गर्नका लागि हामीलाई दिइएको हो।

घ परमेश्वरको प्रेम मानवीय प्रेमभन्दा बलियो हुन्छ।

## स्वयम्‌-जाँच

**१** यी प्रश्नहरूका पछाडि दिइएका खाली ठाउँमा हो वा होइन, लेख्नुहोस्‌ ।

**क** पवित्र आत्मालाई सल्लाहकारका रूपमा पठाउन के येशूले प्रतिज्ञा गर्नुभएको थियो ? ......................

**ख** हामीले जसरी प्रार्थना गर्नुपर्ने हो त्यसरी प्रार्थना गर्न के हामीले सधैँभरि जानेका छौँ ? ......................

**ग** यदि कसैले प्रार्थना गर्ने आवश्यकताको अनुभूति गऱ्यो भने के उसले तुरुन्तै त्यस आग्रहको आज्ञापालन गर्न महत्वपूर्ण छ ? ......................

**घ** के पवित्र आत्माले हामीद्वारा प्रार्थना गर्न र आत्मा जित्नमा हामीलाई अगुवाइ गर्न सक्नुहुन्छ ? .....................

**२** लेवी २६:८ अनुसार पाँच जनाले सय जनालाई जित्न सक्नेछन्‌ र सय जनाले ..................... जित्न सक्नेछन्‌ ।

**३** जब पवित्र आत्माले फिलिपलाई दक्षिणतिर जाऊ भन्नुभयो, उनले आफूलाई ..................... ठाउँ ........................ समयमा भेट्टाए र पवित्र आत्माले उनलाई बोल्नका लागि ....................... शब्दहरू दिनुभयो ।

**४** बायाँपट्टि दिइएको बाधा वा सीमितपनालाई दायाँपट्टि दिइएको पवित्र आत्माको शक्तिद्वारा कुनलाई कुनसँग बदली गर्न सकिन्छ, जोडा मिलाउनुहोस्‌ ।

| | |
|---|---|
| .... क डर | १) ज्ञान |
| .... ख अज्ञानता | २) प्रेम |
| .... ग घृणा वा बेवास्ता | ३) साहस |
| .... घ स्वाभाविक बुद्धि | ४) परमेश्वरको बुद्धि |

**५** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्‌ ।

**क** विश्वासको वरदान मानसिक सम्मतिभन्दा पनि अझ धेरै हो; यो अलौकिक वरदान हो ।

**ख** पवित्र आत्माले मानिसहरूलाई पापको कायल गर्नुहुन्छ ।

**ग** हामीले हाम्रो समभ्रूसँग प्रार्थना गर्न सक्छौँ र हामीले आत्मामा पनि प्रार्थना गर्न सक्छौँ ।

**घ** मानवीय किसिममा सम्भव भए जति यदि हामीले कसैलाई प्रेम गऱ्यौँ भने, अरूहरूलाई प्रेम गर्ने परमेश्वरको आज्ञालाई हामीले पूरा गरेका हुन्छौँ ।

**६** येशूले भन्नुभयो कि पवित्र आत्मा हामीमाथि आउनुभएपछि हामी .......... हुनेछौँ ।

**७** तपाईंले सिक्नुभएको औँलाटुप्पो खण्डलाई तपाईंको स्मरणबाट आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् वा उद्धरण गरेर कसैलाई सुनाउनुहोस् । शीर्षक, बाइबल खण्ड र बाइबल पदलाई समावेश गर्नुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

**१** तपाईंले ती सबैलाई घेरा लगाएकै हुनुपर्छ किनकि ती सबै ठीक छन् ।

**८** मौका, शक्ति ।

**२** **क** ३) आत्मामा ।

**ख** २) समूहगत ।

**ग** ४) उपवाससाथ ।

**घ** ५) समझसाथ ।

**ङ** १) मध्यस्थताको प्रार्थना ।

**९** तपाईंको आफ्नै उत्तर । एउटा कारणचाहिँ यो हो कि प्रत्येक अवस्था अद्वीतीय छ र कुनै पनि दुईवटा आवश्यकताहरू दुरुस्त उस्तै हुँदैनन् ।

**३** मध्यस्थताको प्रार्थना ।

**१०** तपाईंको कार्डमा नहेरिकन नै तपाईंले औँलोटुप्पो खण्ड, प्रेरित १:८ का सबै तीनवटै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ ।

**४** उनी उपवास बसेका थिए ।

**११** पवित्र आत्माले शाऊललाई पापको कायल बनाउनुभयो । तब उहाँले हननियालाई प्रेम र साहस र बुद्धिको वचन दिनुभयो र उनलाई विश्वासको क्षेत्रमा प्रयोग गर्नुभयो ।

**५** तपाईंको उत्तर ।

**१२** भाइ शाऊल ।

**६** यशैयामा दिइएका अगमवाणीहरू पूरा गर्न आउनुभएका येशूका बारेमा उनलाई थाहा थिएन ।

**१३** **क** ठीक ।

**ख** बेठीक । पापको कायल बनाउनु पवित्र आत्माको काम हो ।

**ग** ठीक ।

**घ** ठीक ।

**७** ठीक समय, ठाउँ र शब्दहरू